# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## जनशक्ति व्यवस्थापन विभागको

सूचना

यस बैंकमा प्रशासन सेवातर्फ देहायमा उल्लिखित कार्यालयमा रिक्त रहेको सहायक (द्वितीय श्रेणी) पद स्थायी रुपमा पूर्ति गर्नु पर्ने भएको हुंदा योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकले यस बैंकको दरखास्त फाराममा (दरखास्त फाराम यस बैंकको सम्वन्धित कार्यालयबाट रु.१००।- तिरी प्राप्त गर्न सकिनेछ) भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रतिलिपि र हालै खिचिएको पासपोर्ट साईजको ४ (चार) प्रति फोटो संलग्न गरी देहायका कार्यालयमा २०६५ साल माघ १९ गतेका दिनभित्र दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।

दरखास्तसाथ पेश गरिने सबै प्रमाणपत्रका प्रतिलिपिहरुमा यस बैंकको अधिकृत वा नेपाल सरकारको राजपत्रांकित अधिकृत वा नेपाल सरकारको स्वामित्व भएका संस्थानका अधिकृतले रितपूर्वक प्रमाणित गरेको हुनु पर्नेछ । माथि लेखिएवमोजिम म्यादभित्र दाखिला नभएको र रित नपुगी आएको दरखास्तउपर कुनै किसिमको कारवाही हुने छैन ।

नेपाल सरकारको सेवा र नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले दरखास्तसाथ विभागीय स्वीकृति अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । माथि उल्लिखित कार्यको लागि आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार आफैले व्यहोर्नु पर्नेछ ।

१. **पद : सहायक (सहायक द्वितीय श्रेणी)**

२. **आवश्यक पद संख्या :**

| सि.नं. | कार्यालय | आवश्यक पदसंख्या | खुला प्रतियोगिता तर्फ | समावेशी समूहतर्फ | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | आदिवासी/ जनजाति | मधेसी |
| १ | नेपाल राष्ट्र बैंक, जनकपुर | ७ | ४ | १ | १ | १ |
| २ | नेपाल राष्ट्र बैंक, वीरगञ्ज | ७ | ४ | १ | १ | १ |
| ३ | नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर | ४ | २ | १ | १ | - |
| ४ | नेपाल राष्ट्र बैंक, नेपालगञ्ज | ४ | २ | १ | १ | - |
| ५ | नेपाल राष्ट्र बैंक, धनगढी | ३ | २ | १ | - | - |

३. **दरखास्तको आधार :** समावेशी समूहको लागि छुट्टयाइएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो सूचीको आधारमा,

तर, नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

४. <u>आवश्यक न्यूनतम शैक्षिक योग्यता</u> : त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

५. <u>दरखास्त दिने स्थान</u> : जुन कार्यालयको आवश्यक पदको लागि दरखास्त फाराम भरिएको हो सोही कार्यालयमा दरखास्त बुझाउनु पर्नेछ ।

६. <u>तलव स्केल :</u> रु.७४००।- – ३७०। – १४४३०। तथा बैंकको नियमानुसार अन्य सुविधाहरु ।

७. <u>कामको किसिम</u> : नगद तथा बैकिङ्ग र प्रशासनिक कार्य ।

८. <u>उम्मेदवारको उमेर</u> :-दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

९. <u>उमेरको हद</u> : यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

१०. <u>उम्मेदवारको छनौट विधि</u> : लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

११. <u>परीक्षणकाल अवधि</u> : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

१२. <u>पदस्थापना</u> : यस विज्ञापनअनुसार नियुक्ति हुने कर्मचारीलाई पदस्थापन भएको कार्यालयबाट एक तह बढुवा वा पांच वर्षको सेवा अवधि पूरा नभई अन्यत्र सरुवा गरिने छैन ।

१३. <u>निबृत्तभरण पाउने वा नपाउने</u> : निबृत्तभरण पाउने ।

१४. <u>दरखास्त दस्तुर :</u> खुला प्रतियोगिताको लागि दरखास्तसाथ रु.३००।- (रु.तीन सय) बुझाउनु पर्नेछ । खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी

समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु १००/का दरले थप दस्तुर बुझाउनु पर्नेछ । तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु ३००/- र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेले प्रत्येक समूहको लागि रु.१००/- (रु. एकसय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैंकको सा.हि.नं. ३ मा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनुपर्नेछ ।

१५. <u>समकक्षता निर्धारण प्रमाणपत्र</u> : उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यताप्राप्त भएको र समकक्ष निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१६. <u>सम्पर्क मिति र स्थान</u> : २०६५ साल फागुन ५ गतेका दिन अपरान्ह १.०० बजे दरखास्त पेश गरेको कार्यालय ।

१७. <u>लिखित परीक्षा हुने मिति र स्थान</u> : सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

लिखित परीक्षाको पाठ्यक्रम नेपाल राष्ट्र बैंकको website: www.nrb.org.np मा Human Resource Management Department अन्तर्गत राखिएको छ ।

**मिति:२०६५/०९/१३**

**नेपाल राष्ट्र बैंकको तर्फबाट,**

कार्यकारी निर्देशक